एकीकृत शहरी विकास केन्द्र

शहर

# जानकारी पत्र -१

गाम्चा    माघ २०६२    February 2006

## गाम्चा परिचय

किर्तिपुर नगरपालिकामा जम्मा ९,४८७ घर धुरीहरु छन् । यहाँ कुल जनसंख्या ४०,८३५ छन् । यस नगरपालिकाले १४.७६ वर्ग किलोमिटर क्षेत्रफल ओगटिएको छ भने प्रति वर्ग किलोमिटर २,७६७ जनघनत्व छ। किर्तिपुर नगरपालिका वडा नं ७ मा अवस्थित गाम्चा एउटा सानो बस्ती हो। किर्तिपुर नगरपालिकाको पानीको मुहान भएको दुध पोखरी नजिकै रहेको यो बस्ती स्याबजी गांचा ( चिउरा भुट्ने सानो गाउँ ) नामले चिनिन्छ। तल्लो गाम्चा र माथिल्लो गाम्चा गरी यो बस्ती भौगोलिक दृष्टिले दुई भागमा छुट्टिएको छ । ५० घरधुरी रहेको गाम्चामा नेवारहरु मुलतः महर्जनहरु र ३ परिवार विश्वकर्माहरु छन् । हेर्दामा सानो यस बस्तीको उत्तर तर्फ हिमाल, दक्षिण तर्फ चम्पादेबी डाँडा र भस्मासुर डाँडा जस्ता रमणीय ठाउँ पनि रहेको छ । यस बस्तीको पुर्ख्यौली पेशा चिउरा भुट्ने (स्याबजी) हो । यहाँ उत्पादन हुने स्याबजी काठमाण्डौं उपत्यकाका भित्रि शहरका पसलहरुमा बिक्रि गर्ने गरिन्छ। अरु समयमा कमै मात्रामा बिक्रि हुने स्याबजी नेवारहरुको चाडपर्वमा बढी मात्रामा बिक्रि हुने गर्दछ। यहाँका बासिन्दाहरुको आर्थिक स्थिति निकै कमजोर छ । खेतीपाती



सुधारको पर्खाइमा गाम्चा

गर्न आफ्नै जग्गा भएका मानिसहरु कमै छन् र धेरैजसो घरहरु पुराना र काँचो ईंटाले बनेका छन्। त्यसैगरि शिक्षाको स्तरलाई नियाल्ने हो भने यहाँका धेरै जसोले माध्यामिक तह पुग्दा नपुग्दै विद्यालय छोड्ने प्रवृति छ । त्रिभुवन विश्व विद्यालय हिंडेर पुगिनसकिने दुरीमा भएतापनि उच्च शिक्षा हासिल गर्नेहरु अत्यन्त कम छन् । तर अचेल पढाउनु पर्छ भन्ने चेतनाको विकास यस बस्तीका बासिन्दाहरुमा भएको पाईन्छ। यस ठाउँमा स्वास्थ्य सुविधाका लागि प्राथमिक उपचार केन्द्रसम्म पनि उपलब्ध छैन र उपचारका लागि किर्तिपुर सम्म नै पुग्नु पर्ने अवस्था छ ।

## सामाजिक तथा आर्थिक तथ्यहरु

गाम्चा क्षेत्रभित्र जम्मा ५० घरधुरीहरु छन् र यहाँको कुल २२१ जनसंख्या मध्ये ११५ पुरुष र १०६ महिला छन्। यहाँको पुर्ख्यौली पेशा स्याबजी भुट्ने भएतापनि शहरीकरण सँगसँगै यहाँका मानिसहरु अन्य पेशातिर बढी आकर्षित भएका छन् । स्याबजी भुट्ने काम धेरैजसो महिलाले गरेको पाइन्छ । निजी जग्गा हुने कमै भएका हुनाले थोरैले मात्र खेती गर्छन् त्यसमा कोही अरुको जग्गामा पनि काम गर्छन् । खेतीको अलावा ज्याला मजदुरी जस्तै ढलानमा डन्डी बाँध्ने, डकर्मी काम गर्ने गर्छन् । यस बाहेक कोही व्यवसायतिर लागेका छन् भने थोरैले मात्र नोकरी गर्छन् । त्यस माथि सरकारी जागिरेको संख्या त अझ न्युन छ । यहाँका विश्वकर्माहरुको मुख्य पेशा डोको बुन्ने हो । सामान्य रुपमा हेर्दा गरीबीको चपेटामा परेको यस गाम्चा क्षेत्रको आर्थिक र सामाजिक अवस्था निकै दयनीय देखिन्छ ।

**यस भित्र**

२ पानी तथा स्वास्थ्य र सरसफाईको अवस्था, हाम्रो भनाइ, समुदायको भनाइ

३ अनुभव आदान प्रदानको लागि स्थलगत भ्रमण, स्थलगत भ्रमणको अनुभव बाँड्दै मनदेबी

४ स्याबजी बनाउने प्रक्रिया, के तपाईंलाई थाहा छ ?, गाम्चाको संस्कृति प्रस्तुत गर्दै बिनिता र डिक्सन, गाम्चाको सामुदायिक संस्था, गाम्चाका मित्रहरु

# पानी तथा स्वास्थ्य र सरसफाईको अवस्था

साँच्चै भन्ने हो भने पानीको मुहान भएको दुध पोखरी नजिकै रहेको बस्ती भएतापनि गाम्चाबासीहरुले पानीको निकै समस्या भोगीरहेका छन् । सर्वेक्षण अनुसार ५० वटा घरधुरीहरु मध्ये ४८ वटा घरधुरीले कुवाको पानी प्रयोग गर्छन् भने २ वटा घरधुरीले सार्वजनिक धारा प्रयोग गर्छन् । एउटा कुवा, इनार र अलि टाढाको दुरीमा रहेको सार्वजनिक धारा नै यहाँको पानीका श्रोतहरु हुन् । इनारको पानी निकै दूषित र पिउनको लागि अयोग्य भइसकेको र सार्वजनिक धारा टाढा भएकोले यहाँका बासिन्दाहरु पिउन, खाना पकाउन, लुगा धुन कुवाको पानी नै प्रयोग गर्छन् । एउटै मात्र श्रोत हुन पुगेको कुवा पनि निकै जीर्ण अवस्थामा रहेको थियो । कुवाको भऱ्याङ पनि चिप्लो र पानी लिन जाँदा निकै सर्तक भएर जानुपर्थ्यो । त्यसै कारण यस समुदायको सक्रियतामा र वाटर एड नेपाल संस्थाको आर्थिक सहयोगद्वारा एकीकृत शहरी विकास केन्द्रले त्यस कुवाको पुनः निर्माणको साथै वरपरको स्थितिको सुधार गर्ने जमर्को गरेको छ । सो कुवाको पुनः निर्माणको क्रममा त्यहाँका स्थानीय बासिन्दाहरुले श्रमदान दिएर सहयोग गरेका थिए ।

त्यसै गरी स्वास्थ्य र सरसफाईमा गाम्चाका बासिन्दाहरु निकै पछि परेका छन् । जम्मा ३५ घरधुरीहरुमा चर्पीको सुविधा छ । बाँकी १५ घरधुरीहरुका मानिसहरुले दिसा पिसाब गर्न नजिकैको खेत बारी प्रयोग गर्छन् भने बच्चाहरु खुल्ला ठाउँ जस्तै घर वरपरको ठाउँ, हिंड्ने बाटो इत्यादि प्रयोग गर्छन् । त्यहाँका बासिन्दाहरुमा सरसफाईको ज्ञानको अभाव र वरपरको वातावरण प्रदूषित हुनाले के कस्ता समस्याहरु आउन सक्छन् भन्ने चेतनाको कमी देखिन्छ । यो कुरालाई मध्य नजर गरी गाम्चाका विभिन्न समितिहरुलाई एक दिने सरसफाई तथा क्षमता अभिबृद्धिको तालिम दिइएको थियो । सो तालिमको मुख्य उद्देश्य भनेको समितिको क्षमता अभिबृद्धि गराउनुका साथै सहभागीहरुलाई स्वास्थ्य र सरसफाईको अवस्था बारे जानकारी दिने तथा अरुलाई पनि त्यसको जानकारी दिन अभिप्रेरित गर्ने थियो ।

## हाम्रो भनाइ

*शहरीकरण यस यूगको एक अनिवार्य वास्तविकता हो । ग्रामिणमूखी विकास नीति भएको हाम्रो देशमा गाउँको विकास मात्र हुन नसकेको होइन शहरहरु समेत पूर्वाधार र व्यवस्थापनको अभावमा अस्तव्यस्त बन्दै गइरहेको छ । अझ साना शहरहरु र शहरोन्मुख बस्तीहरु यता न उताको अवस्थाबाट गुज्रिरहेको छ । तसर्थ नेपालको शहरी विकासको कार्य यी बस्तीहरुलाई समयमा नै व्यवस्थित नगरी सम्भव छैन । यसकारण एकीकृत शहरी विकास केन्द्रले आफ्ना गतिविधिहरुमा यी बस्तीहरुको एकीकृत विकासलाई आफ्नो प्राथमिकतामा राखेको छ । यही क्रममा किर्तिपुर नगरपालिकाको गाम्चाका बासिन्दाहरुसंग मिलेर केन्द्र यहाँको विकास निर्माणको काममा सहभागी भएको छ । नगरपालिकाको सहमती तथा साझेदारी र स्थानीय बासिन्दाहरुको पूर्ण सहभागितामा हाल खानेपानी र सरसफाईको कार्यमा केन्द्र कार्यरत छ । विकासको कार्यलाई एकांकी भन्दा समन्वयात्मक ढंगले अगाडि बढाउनु पर्छ भन्ने विश्वासमा यस केन्द्रले वाटर एड नेपाल, सुप, नेपाल स्काउट लगायतका संस्थाहरुसंग सरसल्लाह र सहकार्य गर्दै गाम्चाको विकासमा सहजकर्ताको भूमिका निर्वाह गरिरहेको छ । पानी र सरसफाईबाट शुरु गरिएको यो कार्य समष्टिगत सामाजिक विकासको लक्ष्य लिएर अघि बढेको छ । यस पुनित कार्यमा सहभागिता र सहयोगको लागि हामी सबैलाई आह्वान गर्दछौं ।*



कुवाको जिर्ण अवस्था



जनसहभागितामा पुनःनिर्माण पछिको कुवा

## समुदायको भनाइ

*माथिल्लो गाम्चामा बसोबास गर्दै आउनु भएका गिता र सीता महर्जन पिउन साथै अन्य प्रयोजनको निमित्त समेत कुवाको पानी प्रयोग गर्नु हुन्थ्यो । उहाँहरुको भनाइ अनुसार, "पहिले कुवा फोहोर देखिन्थ्यो र अरु मानिसहरुले पनि त्यस्तो फोहोर ठाउँको पानी पनि पिउँछ ? भन्थे । साँच्चै पनि बाहिरको भेल (फोहोर पानी) कुवा भित्र जाने हुँदा वर्षा याममा पानी फोहोर हुने गर्थ्यो । तर पनि पानीको स्रोत यही मात्र भएकोले गर्दा त्यही पानी पिउनु पर्ने बाध्यता थियो । अहिले पुनः निर्माण पश्चात कुवा धेरै राम्रो, सफा र आकर्षक भएको छ । कुवामा जानको लागी पहिले चिप्लेर लड्ने संभावना हुन्थ्यो त्यसैले आगन्तुकहरुलाई कुवामा गएको देख्यो कि चिप्लिन्छ है भनी सर्तक गरिरहनुपर्ने हुन्थ्यो । कुवा पुन : निर्माण गरे पछि अहिले चिप्लने संभावना भएन र अरु पनि लडेर घाइते भयो भन्ने सुन्नु नपर्ने भयो । त्यसैले समग्रमा धेरै राम्रो भएको छ ।"*

# अनुभव आदान प्रदानको लागि स्थलगत भ्रमण

२०६२ साल ९ महिना १२ गते मंगलवारको दिन अनुभव आदान प्रदान गराउने उद्देश्यले गाम्चाका विभिन्न समितिमा आवद्ध सदस्यहरुलाई स्थलगत भ्रमण कार्यक्रमको आयोजना गरिएको थियो । तालिम कोठाको व्याख्यान् भन्दा प्रत्यक्ष हेरेर र प्रयोग गरिरहेका मानिस बीच छलफल गरेर बढी कुराहरु बुझ्न र सिक्न सकिन्छ भन्ने अभिप्राय:ले यो भ्रमण आयोजना गरिएको हो । उक्त भ्रमण कार्यक्रममा गाम्चा समुदायका १० जना पुरुष र १७ जना महिला गरि जम्मा २७ जनाको सहभागिता रहेको थियो । स्थलगत भ्रमण कार्यक्रम थेचो, धालाछैं, टिगनी र खोकना गरि चार वटा स्थलहरुमा भ्रमण गराइएको थियो । गाम्चाबाट शुरु गरिएको उक्त भ्रमण कार्यक्रममा, सर्वप्रथम भ्रमण टोली थेचो पुगेका थिए । थेचोमा एकीकृत शहरी विकास केन्द्रबाट संचालित घरेलु कम्पोष्ट मल बनाउने प्रविधिको जानकारी गराइएको थियो । वाटर एड नेपालको सहयोगबाट यस संस्थाले थेचोमा घरायसी फोहोर घरमा नै तह लगाएर कम्पोष्ट मल उत्पादन गरिरहेका छन् । उक्त उत्पादित मलको प्रयोग गरेर आफ्नो खेतबारीमा राम्रो उब्जनी गरिरहेका छन् । थेचो भ्रमणको मुख्य उद्देश्य गाम्चा बासीहरुलाई घरायसी फोहोरको सरल व्यवस्थापन घरमै गराई वातावरणीय सरसफाई प्रति अभिप्रेरित गर्नु थियो । घरमा नै सरल तरिकाले मल उत्पादन गरिरहेका प्रत्यक्ष अवलोकन गर्न पाउँदा महिला सहभागीहरु निक्कै उत्सुक भएर जानकारी लिइरहेका थिए । प्रयोगकर्तासंगको प्रत्यक्ष छलफल गरी त्यसको साधारण जानकारी, मल बनाउने तरिका, फाईदा र उक्त मल प्रयोग गरि उब्जाएका तरकारी खेतबारीमा देख्दा सहभागीहरुले कम्पोष्ट मल बनाउने तालिमको माग गरिरहेका थिए । थेचोमा करीब आधा घण्टाको बसिबियालो पछि भ्रमण टोलीलाई ललितपुरकै अर्को ठाउँ धालाछैं स्थित "धालाछैं महिला बचत तथा ऋण समूह"मा पुऱ्याइएको थियो । उक्त समूह आठ वर्ष देखि निरन्तर रुपमा चलिरहेको कुरा थाहा पाएपछि गाम्चाबासीहरु निकै उत्साही भएर विचार र अनुभव आदान प्रदान गरिरहेका थिए । त्यस बचत समूहले बचत मात्र नभएर अन्य आय आर्जनको काम



स्थलगत भ्रमण टोलीको समूह फोटो

गरिरहेको कुरा पनि बुझेपछि अझ बढी जिज्ञासाहरु राखिरहेका थिए । प्रगतीको कदम अगाडी बढाउँदै गरेको सो समूहले अब सहकारीको रुपमा परिणत हुन गइरहेको कुरा पनि गाम्चाबासीहरुलाई अवगत गराए । त्यहाँ पनि घरेलु कम्पोष्ट मल बनाउने प्रविधिको विषयमा बुझ्न पाउँदा गाम्चा बासीहरुले यदि मेहनत गरे फालिने वस्तुहरुको पनि सही सदुपयोग हुने कुरा व्यक्त गरेका थिए । धालाछैंको भ्रमण पश्चात उक्त भ्रमण टोलीलाई मध्यपुर थिमि नगरपालिकाको वडा नं ३ मा अवस्थित टिगनीमा पुऱ्याइएको थियो । टिगनीमा गाम्चाबासीहरुले हालै मात्र एकीकृत शहरी विकास केन्द्रद्वारा पुन: निर्माण गरेको कुवाको सम्बन्धमा त्यहाँ गठित टिगनी सामुदायिक विकास समितिका पदाधिकारीहरुसंग प्रत्यक्ष छलफल गरे । छलफलकै क्रममा समुदायको अग्रसरतामा गर्न लागेका भावी कार्यक्रमको बारेमा पनि सामान्य जानकारी लिए । पुन: निर्मित कुवाको र त्यहाँको प्राकृतिक छटा हरियालीलाई आँखामा कैद गर्दै भ्रमण टोली ललितपुरको खोकना पुगेका थिए । भ्रमण कार्यक्रमको अन्तिम स्थलको रुपमा निर्धारित यस स्थलमा पनि पानीको प्रयोग कम हुने मल चर्पीको अवलोकन गर्न पाउँदा गाम्चाबासीहरु अचम्म र उत्साही देखिन्थे । किसानहरुलाई मल चर्पीको धेरै महत्व हुने भएको बुझ्न पाउँदा यस्तो चर्पी आफूहरु कहाँ पनि बनाउने ईच्छा व्यक्त गरिरहेका थिए ।

## स्थलगत भ्रमणको अनुभव बाँड्दै मनदेबी



*हामी एउटा नयाँ उत्साह र उमंग लिएर केही कुरा जान्ने उद्देश्यले स्थलगत भ्रमणमा गएका थियौं । सो अनुरुप हामीले धेरै कुरा सिक्यौं र बुझ्यौं । यस भ्रमण कार्यक्रम थेचो, धालाछें, टिगनी र खोकना गरी चार ठाउँमा लगिएको थियो । विभिन्न ठाउँमा विभिन्न किसिमको सोच र विचार आदन प्रदान गर्न पाउँदा निकै नै खुशी लागेको थियो । थेचोमा घरेलु कम्पोष्ट मल बनाउने तरिकाको ज्ञान पायौं भने धालाछेंमा बचत समूहको बारेमा छलफल गऱ्यौं । महिलाले मात्र पनि सक्रिय भएर लागि परे कुनै पनि कार्यमा सफलता हासिल गर्न सकिंदो रहेछ भन्ने कुरा त्यस समूहका महिला दिदीबहिनीहरुसँगको प्रत्यक्ष छलफलबाट थाहा पाइयो । भ्रमणकै क्रममा टिगनी पुग्दा त्यहाँ गठित टिगनी सामुदायिक विकास समितिको सक्रियतामा भएका कार्यक्रमहरु बारे जानकारी पाउनुका साथै, पुन: निर्मित कुवाको पनि अवलोकन गर्न पायौं । यसरी कुनै पनि कार्यक्रममा सक्रियताका साथ लाग्यौं भने जे पनि कार्यक्रम सजिलै सफल हुँदो रहेछ भन्ने ज्ञान पनि हासिल गऱ्यौं । यस पछि भ्रमणको अन्तिम गन्तव्य खोकनामा हामीले मल चर्पीको बारे जानकारी पाएका थियौं । यस चर्पीबाट कुनै किसिमको गन्ध नआउने, पानीको कम प्रयोग हुने र मल पनि प्राप्त हुने हुँदा किसानहरुको लागि धेरै नै उपयोगि हुने देख्यौं । यसरी चार ठाउँको भ्रमणबाट धेरै नयाँ जानकारीहरु प्राप्त गर्ने अवसर पायौं । हामीलाई यति धेरै जानकारीहरु दिन स्थलगत भ्रमण कार्यक्रमको आयोजना गरिदिनु भएकोमा यस एकीकृत शहरी विकास केन्द्रलाई हामी हृदय देखि धन्यबाद दिन चाहन्छौं ।*

## स्याबजी बनाउने प्रक्रिया

स्याबजी बनाउँदा आवश्यक सामाग्रीहरु:

| | |
|---|---|
| १) धान | २) पंचा (एक प्रकारको मसिनो बलौटे माटो) |
| ३) पानी | ४) हाँडी (३ वटा) |

### बनाउने विधि


स्याबजी भुट्दै एक स्थानीय महिला

सर्वप्रथम धानलाई उसिनिन्छ र उसिनी सकेको धानलाई कलमा लगि चिउरा कुटिन्छ भने पहिले मेसिनको सुविधा नहुँदा हातैले चिउरा कुटिन्थ्यो । चिउरा भुट्न ३ वटा हाँडीको प्रयोग गरिन्छ । दुई वटा हाँडी चिउरा भुट्नलाई प्रयोग गरिन्छ भने एउटा पंचा तताउन प्रयोग गरिन्छ । कुटिसकेको चिउरा हाँडीमा राखी भुटिन्छ र केही समय पछि उक्त भुट्दै गरेको चिउरालाई अर्को हाँडीमा तताइएको पंचा राखी पुनः केही बेर सम्म भुटिन्छ । यसरी भुट्दा चिउरा सबैतिरबाट फुल्छ र स्याबजी बन्छ ।

यसरी धेरै मेहनत लाग्ने, दिनभरी धुवाँ आउने चुलोमा बसी भुट्नु पर्ने, त्यस्तै धान महँगो भएको र उसिन्न बढी पानी प्रयोग हुने भएकोले मानिसहरुले यो पेशालाई निरन्तरता दिन सकिराखेका छैनन् र अन्य पेशातिरको झुकाव बढेको छ ।

## किर्तिपुर नगरपालिकासँग एशवि केन्द्रको सहमती

*एकीकृत शहरी विकास (एशवि) केन्द्रद्वारा किर्तिपुर नगरपालिकाको कार्यकारी अधिकृत तथा इन्जिनियरसँग छलफल कार्यक्रम संचालन गरिएको थियो । उक्त बैठकमा नगरपालिका र एशवि केन्द्र मिलेर गाम्चाको विकास निर्माणका कार्यक्रमहरु अगाडि बढाउने सहमती भएको थियो ।*

## के तपाईंलाई थाहा छ ?

- *एकजना वयस्क मान्छेले वर्षमा करिब ५५० लि. पिसाब फेर्छ, जसमा ४.५ केजी नाइट्रोजन, ३६५ ग्राम फोस्फरस र १ केजी पोटास रहेको हुन्छ । त्यति पोषण तत्वले एक वर्षमा करिब २५० केजी अन्न उत्पादन हुन्छ ।*
- *चार सदस्य भएको एक परिवारले दिनको करिब १२ लि. पानी पिउँछ भने ६० लि. भन्दा बढि सफा पानी दिसा र पिसाब फ्लश् गर्न प्रयोग गर्छ ।*
- *दिसामा रोगका किटाणु धेरै पाईन्छ भने पिसाबमा यसको संख्या शुन्य जस्तै हुन्छ ।*
- *काठमाण्डौं उपत्यकामा वर्षेनी सरदर १६०० मी.मी. पानी पर्छ । यदि आकाशे पानीलाई व्यवस्थित ढंगले संकलन गर्ने हो भने कुनै पनि परिवारको लागि संकलित पानी प्रमुख श्रोत बन्न सक्छ ।*
- *जमिन मुनिको पानी वा सतही पानीको गुणस्तरको तुलनामा आकाशे पानी बढि गुणस्तरयुक्त हुन्छ ।*

## गाम्चाको सामुदायिक संस्था

*गाम्चाका बासिन्दाहरु मुलतः दुईवटा स्थानीय संस्थाहरुमा संगठित छन् । तल्लो गाम्चामा श्री श्रीकृष्ण महर्जन ज्यूको अध्यक्षताम समाज सुधार समिति र माथिल्लो गाम्चामा श्री गोकुल महर्जनको अध्यक्षतामा सांस्कृतिक जागरण समिति संगठित भइ कार्यहरु गरिरहेका छन् । समग्र गाम्चाको विकास कार्यमा दुवै संस्था मिलेर कार्य गर्ने गरेका छन् ।*

## गाम्चाका मित्रहरु

*गाम्चामा एशवि केन्द्रले समुदायमा आधारित पानी तथा वातावरणीय सरसफाईका कार्यक्रमहरु संचालन गरिरहेको छ भने सुप संस्थाले प्रौढ कक्षा र लघु बचत संकलनमा सहयोग पुऱ्याइ रहेको छ । नेपाल स्काउटले हालै दुई स-साना पानी ट्याँकीहरु बनाइदिएको छ ।*

## गाम्चाको संस्कृति प्रस्तुत गर्दै बिनिता र डिक्सन




*गाम्चा प्राचीन कालदेखि नै धार्मिक सहिष्णुता भएको बस्ती हो । पहिले यस बस्तीमा गुठी मनाउँदा ५ दिन सम्म प्रत्येक घरको एक एक जना घरमुली बसी मनाउने चलन थियो । यस गुठी मनाउने क्रममा मुढा बालेर त्यस माथि टेकेर नाच्ने प्रचलन थियो । यसरी आगोमा टेकेर नाच्ने व्यक्तिमा एक प्रकारको दैविक शक्ति आउने र उक्त व्यक्तिलाई आगोले केही असर नपार्ने यहाँका बासिन्दाहरुको भनाइ छ । बिरलै पाइने यस गाउँको यो नाच लोप भएको पाँच वर्ष भइसकेको छ । पाँच दिन सम्म मनाइने उक्त गुठी, समय र आर्थिक अभावका कारण अहिले एक दिन मात्र मनाइन्छ । यहाँको संस्कृतिको प्रसंगलाई अघि सार्दा सात गाउँ जात्रा (न्हय् गां जात्रा) लाई प्रमुख जात्राको रुपमा लिन सकिन्छ । किर्तिपुरका सात गाउँमा धुमधामसंग जात्रा हुने दिनमा नै यहाँ पनि बिष्णुदेवीको जात्रा मनाउने चलन छ । यो जात्रा भगवान स्थान चौरबाट शुरु गरिन्छ र यस दिनमा विभिन्न किसिमका परिकार बनाइ देवतालाई समयबजी चढाउने गर्छन् । यहाँका युवाहरु दौरा सुरुवाल, भादगाउँले टोपी लगाई, कानमा फूल सिउरी र युवतीहरु हाकुपटासी, चोलो, सेतो पटुका बाँधी झकिझकाउ साथ जात्रामा जाने चलन छ र साथै बाँसुरी, धिमे तथा अरु बाजागाजाहरु बजाई बडो रमाइलो गर्ने गरिन्छ । त्यस्तै कृष्ण अष्टमीको दिनमा पनि यहाँ जात्रा गर्ने प्रथा छ । लोप भएको जात्रा मध्ये एउटा जात्रा गाई जात्रा पनि हो । उक्त दिनमा गाईको भेषमा नाच्ने चलन थियो । तर अहिले, नाच्न जान्ने व्यक्तिको कमीका कारण यो नाच लोप भइसकेको छ । यसरी दिन प्रति दिन लोप भइरहेको संस्कृति संरक्षणका निमित्त यस गाम्चाका स्थानीय संस्था, क्लब र जनसमुदायहरु लागिरहेका छन् ।*